म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २६१ शुक्रबार, २५ बैशाख २०८३ ने. सं. ११४६ बछलागा 8 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा आयमूलक होजियारी तालिम

हेटौंडा, २४ बैशाख/हेटौंडामा सामाजिक रुपान्तरणका लागि सञ्चालन गरिएको आयमूलक होजियारी तालिमसम्पन्न भएको छ । नेपाल मानवअधिकार संगठन मकवानपुरको आयोजना तथा सामाजिक विकास कार्यालय हेटौंडाको प्रवर्द्धनमा तालिम सञ्चालन गरिएको हो । कार्यक्रममा प्रमुखअतिथि हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामाले महिलाको सीपलाई बजारसँग जोड्न वडा कार्यालयले 'कोसेलीघर' स्थापना गरेको जानकारी दिए । उनले उद्यमशील महिलाका उत्पादनलाई प्रवर्द्धन गर्न प्रत्येक वर्ष बसपार्क क्षेत्रमा मेला आयोजना गर्ने गरिएको बताए । कार्यक्रमको अध्यक्षता संस्थाका संस्थापक अध्यक्ष कृष्णप्रसाद दाहालले गरेका थिए भने गैरसरकारी संस्था महासंघका अध्यक्ष रमिला सापकोटा, समाजसेवी सीताराम बर्तौला र डा. जया कोइरालालगायतको उपस्थिति थियो । वैशाख १३ गतेबाट सुरु भएको १० दिने तालिममा २० जना महिलाको सहभागिता रहेको थियो । तालिमको प्रशिक्षकका रुपमा सुनिता हाडाले सहजीकरण गरेकी थिइन् । तालिम समापनका अवसरमा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

### बागमतीमा वन र कृषि मन्त्रालय गाभ्ने प्रस्तावप्रति वन प्राविधिक संघको आपत्ति

## छुट्टै मन्त्रालय कायम राख्न माग



साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ नेपाल वन प्राविधिक संघ (एनएफए) बागमती प्रदेश कार्यसमितिले बागमती प्रदेश सरकारले मन्त्रालय पुनर्संरचना अन्तर्गत वन तथा वातावरण मन्त्रालयलाई कृषि तथा पशुपन्छी मन्त्रालयसँग गाभ्ने प्रस्तावप्रति गम्भीर असहमति जनाएको छ ।

संघले प्रेस विज्ञप्ति जारी गर्दै मन्त्रालय संख्या घटाउने निर्णयलाई सकारात्मक कदमकारुपमा स्वागत गरेपनि वन तथा वातावरण मन्त्रालयलाई छुट्टैरुपमा कायम राख्नुपर्ने स्पष्ट धारणा सार्वजनिक गरेको हो । हाल बागमती प्रदेश सरकारले कायम रहेका १४ मन्त्रालयलाई घटाएर आगामी साउन १ गतेदेखि लागू हुनेगरी ८ वटा मन्त्रालय कायम गर्ने निर्णय गरेको छ । यही निर्णयअन्तर्गत कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयलाई एकीकृत गर्ने तयारी भएपछि प्रदेशभरका वनकर्मी तथा वनप्राविधिकबीच चासो र चिन्ता बढेको प्रदेश कार्यसमितिका अध्यक्ष उत्तम चापागाईले बताए ।

संघले वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्र अन्य मन्त्रालय भन्दा फरक, संवेदनशील र दीर्घकालीन प्रकृतिको रहेको उल्लेख गरेको छ । संघीय तहमा समेत वन तथा वातावरण मन्त्रालय अलग्गैरुपमा सञ्चालनमा रहेको र नेपालको संविधानले वनसम्बन्धी नीतिगत तथा कार्यान्वयन अधिकार प्रदेश तहलाई प्रत्यायोजन गरेको चापागाईले जिकिर गरे । संघकाअनुसार प्रदेशको कुल भूभागमध्ये आधाभन्दा बढी क्षेत्र वनले ओगटेको तथा वन, वातावरण, जैविक विविधता संरक्षण, भूक्षय नियन्त्रण, जलाधार संरक्षण तथा जलवायु परिवर्तनसँग सम्बन्धित कार्य यही मन्त्रालयमार्फत् सञ्चालन हुँदै आएको छ ।

नेपाल वन प्राविधिक संघले कृषि तथा पशुपन्छी क्षेत्र उत्पादनमुखी तथा निजी सम्पत्तिसँग सम्बन्धित क्षेत्र भएको, जबकि वन तथा वातावरणक्षेत्र सार्वजनिक सम्पत्ति र संरक्षणमुखी अवधारणामा आधारित रहेको उल्लेख गरेको छ । यी दुई मन्त्रालयको उद्देश्य, कार्यप्रणाली, नीति तथा कार्यान्वयन शैलीमा मौलिक भिन्नता रहेकाले एउटै मन्त्रालयमा गाभ्दा प्रभावकारी सेवा प्रवाहमा समस्या आउने संघको दाबी छ । विज्ञप्तिमा मन्त्रालय संख्या घटाउने क्रममा वैकल्पिक व्यवस्थापनका उपाय अवलम्बन नगरी असमान ढंगले मन्त्रालय समायोजन गर्न खोजिएको आरोप पनि लगाइएको छ । सीमित जनशक्ति भएका मन्त्रालयलाई यथावत राखेर हजारौं कर्मचारी संलग्न रहेको वन तथा वातावरण मन्त्रालयलाई गाभ्ने प्रयास व्यावहारिक नभएको संघले जनाएको छ ।

संघले वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यक्रम केवल प्रशासनिककार्यमा सीमित नभई प्राकृतिक स्रोत संरक्षण, जैविक विविधता व्यवस्थापन, वन डढेलो नियन्त्रण, वन्यजन्तु संरक्षण, वातावरणीय सन्तुलन तथा विपद् न्यूनीकरणसँग प्रत्यक्ष जोडिएको उल्लेख गरेको छ । यस्ता विषयलाई कृषि तथा पशुपन्छी क्षेत्रसँग एउटै संरचनामा राख्दा नीति निर्माणदेखि कार्यान्वयनसम्म असर पुग्नसक्ने चेतावनी संघले दिएको छ । संघका अनुसार प्रदेश स्थापना भएदेखि वन तथा वातावरण मन्त्रालयमार्फत ठूलो संख्यामा जनशक्ति परिचालन हुँदै आएको छ भने भौतिक सम्पत्ति, प्राविधिक संरचना तथा क्षेत्रीय कार्यालयको प्रभावकारी सञ्चालन भइरहेको छ ।

यस्तो अवस्थामा मन्त्रालय गाभिँदा प्रशासनिक जटिलता थपिने र सेवाप्रवाह कमजोर बन्नसक्ने संघको तर्क छ । संघले मन्त्रालय पुनर्संरचनाको निर्णयलाई समयसापेक्ष र प्रशासनिक सुधारका दृष्टिले सकारात्मक मान्दै वन, वातावरण, जैविक विविधता संरक्षण तथा भूक्षय नियन्त्रणजस्ता संवेदनशील विषयको प्रभावकारी व्यवस्थापनका लागि वन तथा वातावरण मन्त्रालयलाई छुट्टै मन्त्रालयकै रुपमा कायम राख्न बागमती प्रदेश सरकारसमक्ष माग गरेको छ । नयाँ संरचनाअनुसार आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय रहनेछन् ।

मन्त्रालयअन्तर्गतका कार्यालय पनि घटाइने भएका छन् । हाल रहेका १ सय ९८ वटा कार्यालय मध्ये करिब ५० वटा घटाइने सरकारको तयारी छ । यसबाट चालुखर्च तर्फ झण्डै ५ अर्ब रुपैयाँसम्म कटौती हुने अनुमान गरिएको छ ।

## व्यवसाय र मानवअधिकार विषयक प्रदेशस्तरीय अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ इन्सेकको आयोजनामा व्यवसाय र मानवअधिकार विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम हेटौंडामा भएको छ ।

कार्यक्रम इन्सेकका केन्द्रीय अध्यक्ष विजय गौतमको सभाअध्यक्षता तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा चन्द्रकान्त चापागाईंले व्यवसाय र मानवअधिकारसम्बन्धी प्रस्तुतीकरण गर्दै यसको अवधारणा, व्यावसायिक क्षेत्रसँग जोडिएका मानवअधिकारका सवाल, उद्यमले पार्ने बहुआयामिक प्रभाव तथा संयुक्त राष्ट्रसंघका मार्गनिर्देशक सिद्धान्तबारे प्रकाश पारे । प्रमुखअतिथि नगर प्रमुख लामाले मानवअधिकार हनन हुने कुनै पनि कार्य अघि नबढाइने प्रतिबद्धता व्यक्त गरिन् ।

उनले मानवअधिकारले सम्मानजनक जीवनयापनमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै यसको संरक्षणका लागि जनप्रतिनिधि सधैं सक्रिय रहने बताइन् । मानव अधिकारलाई ध्यानमा राख्दै सुकुम्बासी बस्ती व्यवस्थापनबारे नगरपालिकास्तरमा छलफल भइरहेको जानकारी दिइन् । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले दुर्गमक्षेत्रमा मानवअधिकारको अवस्था कमजोर रहेको उल्लेख गर्दै भौगोलिक विकटताका कारण आधारभूत सेवासुविधामा समेत पहुँच न्यून रहेको बताए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख श्यामबहादुर खत्रीले पछिल्लो समय मकवानपुरमा मानवअधिकार उल्लंघनका घटना बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरे । उनले होटल, डान्सबार तथा उद्योगक्षेत्रमा श्रमिक शोषण, असुरक्षित कार्य वातावरण तथा महिला र बालबालिकामाथि हुने दुर्व्यवहारका घटना देखिँदै आएको बताए । कार्यक्रममा अध्यक्ष गौतमले नेपालमा सञ्चालित व्यवसायलाई मानवअधिकारमैत्री र जवाफदेही बनाउने, संयुक्त राष्ट्रसंघका मार्गनिर्देशक सिद्धान्त कार्यान्वयन गर्ने तथा सरकारको पाँचौं राष्ट्रिय मानवअधिकार कार्ययोजनालाई प्रभावकारीरुपमा लागू गर्ने उद्देश्य सहित इन्सेकले काम गर्दै आएको जानकारी दिए ।

इन्सेक बागमती प्रदेश संयोजक शिव खकुरेलले मानव अधिकार संरक्षणका लागि संस्था निरन्तर सक्रिय रहेको र हरेक नागरिकले सम्मानजनक जीवन बाँच्न पाउने अधिकार सुनिश्चित गर्न आवाज उठाउँदै आएको बताए । कार्यक्रममा बागमती प्रदेश सरकारका मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेत, कानुन तथा संवैधानिक मामिला महाशाखा प्रमुख लोकहरि बस्याल, उपभोक्ता महासंघका केन्द्रीय अध्यक्ष कुमार पौडेल, बागमती प्रदेश उपाध्यक्ष अजय अधिकारी, कमलकुमार विश्वकर्मा तथा महिला मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष आरती पाठकलगायतले मन्तव्य राखेका थिए ।

## बालविवाह अन्त्यबारे स्थानीय तहबीच अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ दिगो विकासको लक्ष्यद्वारा निर्देशित सन् २०३० को अन्त्यसम्ममा नेपालबाट बालविवाह अन्त्य गर्ने उद्देश्यले मकवानपुरका स्थानीय तहले बालबिबाहको अवस्थाबारे अन्तरक्रिया गरेका छन् ।

भ्वाइस अफ चिल्ड्रेन ललितपुर र जस्ट राइट्स फर चिल्ड्रेनको सहयोग तथा जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा जिल्लास्तरीय अन्तरक्रिया भएको हो । नेपाल सरकारको सन् २०३० सम्म 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२' कार्यान्वयनमा स्थानीय तहको भूमिका र आगामी कार्ययोजना विषयक मकवानपुर जिल्लास्तरीय अन्तर क्रियामा मकवानपुरका १० वटै स्थानीय तहले एकैस्थानमा छलफल गरेका छन् । उनीहरुले जिल्लामा बालविवाहको स्थिति र यसको समाधानका लागि भविष्यका लागि प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय बालअधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र विद्यालयमा बालसंरक्षण मापदण्ड लगायत विषयमा सहजीकरण गरेका थिए । बालमैत्री स्थानीय तहको सुरुवात नेपालमै मकवानपुरको मनहरीबाट भएको भएपनि मनहरी गाँउपालिकामै पनि बालविवाहका घटना भइरहेकोले वास्तविक नतिजा आउन धेरै मेहनत गर्न बाँकी रहेको जनाइएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भ्वाइस अफ चिल्ड्रेनका उपनिर्देशक राजु घिमिरे, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधीवक्ता देवेन्द्रराज आचार्य, बालसुधारगृह हेटौंडाका प्रमुख प्रदीप अधिकारी, राष्ट्रिय बाल अधिकार परिषद्का सूचनाअधिकारी रामबहादुर चन्दलगायत स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको सहभागिता थियो ।






साझाकुरा

हाम्रो कुरा

# विद्यालयमा स्काउट: अनुशासित विद्यार्थी उत्पादन

बागमती प्रदेशमा हालै सम्पन्न 'स्काउट शान्ति र सुरक्षा' विषयक छलफल कार्यक्रमबाट प्राप्त सुझावसहितको विस्तृत प्रतिवेदन प्रदेश सरकारलाई हस्तान्तरण हुनु आफैंमा सकारात्मक सन्देश हो । यसले शिक्षा, शान्तिसुरक्षा र नागरिक उत्तर दायित्वजस्ता विषयलाई एकआपसमा जोडेर हेर्ने दृष्टिकोणलाई संस्थागत बनाउने अवसर दिएको छ । विशेषत: सामुदायिक विद्यालयसँग स्काउट आन्दोलनलाई प्रभावकारीरुपमा जोड्न सकिएमा सक्षम, अनुशासित र जिम्मेवार विद्यार्थी उत्पादन गर्न सकिने धारणा अहिलेको शैक्षिक र सामाजिक परिवेशमा अत्यन्त सान्दर्भिक देखिन्छ । नेपालका सामुदायिक विद्यालय धेरै चुनौतीकाबीच सञ्चालन भइरहेका छन् । सीमित स्रोतसाधन, शिक्षक अभाव, विद्यार्थीको अनुशासन र व्यवहारजन्य समस्या, व्यावहारिक सीपको कमी जस्ता पक्षले विद्यालयको शैक्षिक गुणस्तरमाथि प्रश्न उठाइरहेका छन् । यो अवस्थामा स्काउटजस्तो चरित्र निर्माण, नेतृत्व विकास र सेवामूलक गतिविधिमा केन्द्रित आन्दोलनलाई विद्यालय शिक्षासँग जोड्नु दीर्घकालीन समाधानको एउटा बलियो आधार बन्न सक्छ । स्काउट शिक्षा केवल अतिरिक्त क्रियाकलाप मात्र होइन, यो जीवनउपयोगी सीप सिकाउने व्यवहारिक विश्वविद्यालय हो ।

स्काउटमार्फत् विद्यार्थीले अनुशासन, समय व्यवस्थापन, टोलीमा काम गर्ने क्षमता, नेतृत्व, आत्मनिर्भरता, आपतकालीन तयारी, वातावरण संरक्षण र सामाजिक सेवाको अभ्यास गर्छन् । यी सबै गुण औपचारिक पाठ्यक्रममा सीमितरुपमा मात्र समेटिन सक्छन् । तर, स्काउट गतिविधिले यी पक्षलाई व्यवहारमै उतार्ने अवसर दिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीलाई यस्ता गतिविधिमा संलग्न गराउन सकिएमा उनीहरुको व्यक्तित्व विकास सन्तुलित र प्रभावकारी हुनसक्छ । आजको विद्यार्थीपुस्ता केवल किताबी ज्ञानले मात्र सक्षम हुँदैन । उनीहरुलाई व्यवहारिक सीप, नैतिक मूल्य र सामाजिक उत्तरदायित्वको चेतना आवश्यक छ । स्काउट आन्दोलनले 'सेवा' लाई केन्द्रमा राख्छ र 'तयार होउ'को सिद्धान्तमा रहन्छ । समाजका लागि केही गर्ने भावना बाल्यकालमै विकास गराउन सकियो भने त्यसले दीर्घकालमा जिम्मेवार नागरिक उत्पादन गर्छ । सामुदायिक विद्यालयका विद्यार्थी प्राय: स्थानीय समुदायसँग गहिरोरुपमा जोडिएका हुन्छन् । स्काउटमार्फत उनीहरुलाई समुदायमा सेवा गर्ने अवसर दिँदा विद्यालय, विद्यार्थी र समाजबीचको सम्बन्ध अझ मजबुत हुन्छ । अनुशासन स्काउट शिक्षाको मेरुदण्ड हो । सामुदायिक विद्यालयमा देखिने विद्यार्थी अनुशासनसम्बन्धी चुनौती समाधान गर्न स्काउट विधि प्रभावकारी हुनसक्छ । नियमित ड्रिल, पोशाक, प्रतिज्ञा र नियमले विद्यार्थीमा आत्मअनुशासन विकास गर्छ । यो अनुशासन डरबाट होइन, जिम्मेवारी र आत्मसम्मानबाट उत्पन्न हुने भएकाले दीर्घकालीन हुन्छ । यस्तो संस्कारले विद्यार्थीलाई विद्यालयभित्र मात्र होइन, जीवनका सबैक्षेत्रमा सहयोग पुर्‍याउँछ । सक्षम विद्यार्थी उत्पादनको अर्को महत्वपूर्ण पक्ष नेतृत्व विकास पनि हो । स्काउटले हरेक बालबालिकालाई नेतृत्व गर्ने र नेतृत्व स्वीकार गर्ने दुवै अवसर दिन्छ । साना समूहमा काम गर्ने प्रणालीले आत्मविश्वास बढाउँछ । सामुदायिक विद्यालयका धेरै प्रतिभाशाली विद्यार्थी अवसरको अभावमा ओझेलमा पर्छन् । स्काउट कार्यक्रमले उनीहरुलाई आफ्नो क्षमता चिनाउने र विकास गर्ने मञ्च दिनसक्छ ।

यसकासाथै शान्ति र सुरक्षा जस्ता विषयमा स्काउटमार्फत् दिइने तालिम आजको सन्दर्भमा झन् महत्वपूर्ण छन् । विपद् जोखिमन्यूनीकरण, प्राथमिकउपचार, द्वन्द्व व्यवस्थापन, सहिष्णुता र शान्ति प्रवर्द्धनजस्ता सीप विद्यालय उमेरमै सिक्न पाउनु ठूलो उपलब्धि पनि हो । यसले विद्यार्थीलाई केवल कितावको कीरो होइन, संकटमा काम लाग्ने नागरिक बनाउँछ । तर, सामुदायिक विद्यालयसँग स्काउटलाई जोड्ने काम चुनौतीपूर्ण छ । यसका लागि स्पष्ट नीति, प्रशिक्षित शिक्षक-स्काउटर, पर्याप्त स्रोतसाधन र स्थानीय सरकारको सक्रिय सहयोग आवश्यक पर्छ । स्काउटलाई बोझको रुपमा होइन, शिक्षाको पूरकअङ्गको रुपमा स्वीकार्नु पर्छ । विद्यालय व्यवस्थापन समिति, अभिभावक र समुदायलाई यसमा विश्वास दिलाउनुपर्ने हुन्छ । सामुदायिक विद्यालय र स्काउट आन्दोलनको सहकार्यले शिक्षाप्रणालीलाई जीवनमुखी बनाउन सक्छ । यसले अनुशासित, सक्षम, सेवाभावी र जिम्मेवार विद्यार्थी उत्पादन गर्ने आधार तयार गर्छ । बागमती प्रदेशमा प्रस्तुत प्रतिवेदनले दिएको सन्देश यही हो । यदि हामीले भविष्यका नागरिक्लाई सक्षम बनाउने हो भने शिक्षा र चरित्र निर्माणलाई अलगअलग होइन, सँगसँगै अघि बढाउनुपर्छ । स्काउट र सामुदायिक विद्यालयको सहकार्य त्यसतर्फको सशक्त कदम बन्नसक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २६ गते शनिबार ९ मे २०२६ । सप्तमी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२१ सूर्यास्त ६:४१ । कानून दिवस । विश्व स्मृति एवं मेलमिलाप दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# सांसदका स्वकीय र स्रोत खोसेर परिणाममुखी संसद् दिवास्वप्न



✍ सरोज भट्टराई

'सस्तो लोकप्रियताले राष्ट्र बन्दैन, सक्षम संरचनाले मात्र भविष्य बनाउँछ ।' यही सत्यलाई बेवास्ता गर्दा आज हाम्रो बहस सतहमा सीमित भएको छ । हामी प्रश्न गर्छौं सांसदलाई किन स्वकीय सचिव चाहियो? तर हामीले सोध्न बिर्सन्छौं सक्षम सांसद विना सक्षम संसद् कसरी बन्छ? संसद् केवल भाषण गर्ने थलो होइन, यो निर्णय, नीति र जिम्मेवारीको केन्द्र हो । यस्तो अवस्थामा सांसदलाई आवश्यक सहयोगी संरचना नदिई उत्कृष्ट कामको अपेक्षा गर्नु अव्यावहारिक मात्र होइन, अन्याय पनि हो । अब समय आएको छ भ्रम होइन, यथार्थ स्वीकार्ने ।

अप्रिय लागे पनि आजको सबैभन्दा जरूरी बहस यही हो के हामी साँच्चै सक्षम संसद् चाहन्छौं, कि केवल लोकप्रिय नारामा र माउने कमजोर संरचना? अहिलेको सार्वजनिक विमर्शमा 'सांसदलाई किन सुविधा चाहियो?', 'स्वकीय सचिव किन राख्ने?' जस्ता प्रश्नहरू भावनात्मक रूपमा उठाइन्छन्, तर यिनको गहिरो विश्लेषण प्राय: हराइरहेको छ । संसद् कुनै व्यक्तिको व्यक्तिगत प्लेटफर्म होइनह यो राष्ट्रको नीति, कानून र दीर्घकालीन दिशा तय गर्ने सबैभन्दा महत्वपूर्ण संस्था हो । एक सांसदको जिम्मेवारी केवल संसद् बैठकमा उपस्थित भएर बोल्नु मात्र होइन उनीहरूले विधेयक अध्ययन गर्नुपर्छ, संशोधन प्रस्ताव गर्नुपर्छ, संसदीय समितिहरूमा गहिरो बहस गर्नुपर्छ, आफ्नो निर्वाचन क्षेत्रका हजारौं नागरिकका समस्या बुझ्नुपर्छ, र सरकारलाई जवाफदेही बनाउनुपर्छ ।

आजको जटिल शासन प्रणालीमा बजेट, जलवायु परिवर्तन, डिजिटल अर्थतन्त्र, सार्वजनिक स्वास्थ्य, वैदेशिक नीति जस्ता विषयहरू अत्यन्तै प्राविधिक र बहुआयामिक भइसकेका छन् । यस्ता विषयमा तथ्य, डेटा र प्रमाणमा आधारित निर्णय लिनु अनिवार्य हुन्छ । जटिल र बहुआयामिक काम एक्लो व्यक्तिले गर्न सक्ने अपेक्षा गर्नु आफैंमा अव्यावहारिक मात्र होइन, गैरजिम्मेवार पनि हो । यही सन्दर्भमा 'स्वकीय सचिव' को भूमिका बुझ्न जरूरी छ । स्वकीय सचिव बिचौलिया होइनन्ह उनीहरू सांसदका सहयात्री, व्यवस्थापक, समन्वयकर्ता र अनुसन्धान-सहयोगी हुन् । उनीहरूले जनगुनासो संकलन गर्छन्, भेटघाट व्यवस्थापन गर्छन्, कागजात तयार पार्छन्, नीति-सम्बन्धी नोट बनाउँछन्, र आवश्यक विषयमा प्रारम्भिक अध्ययन गरेर सांसदलाई सूचित निर्णय लिन सहयोग गर्छन् ।

वास्तवमा, उनीहरू सांसदको 'एक्सटेन्सन' जस्तै हुन् जहाँ सांसद एक्लैले पुग्न नसक्ने ठाउँमा उनीहरूको उपस्थिति र कामले प्रतिनिधित्व विस्तार गर्छ । उदाहरणका लागि, कुनै सांसदले स्वास्थ्य नीति सम्बन्धी विधेयकमा बोल्नुपर्दा, त्यसको अन्तर्राष्ट्रिय अभ्यास, आर्थिक प्रभाव, कानूनी पक्ष र स्थानीय सन्दर्भको अध्ययन आवश्यक पर्छ । यस्तो कामका लागि अनुसन्धान-समर्थन चाहिन्छ, जुन विकसित लोकतन्त्रहरूमा संस्थागत रूपमा उपलब्ध हुन्छ ।

अमेरिकाको कंग्रेसमा प्रत्येक सदस्यसँग दर्जनौं स्टाफ हुन्छन्, जसमा नीति विश्लेषक, कानूनी सल्लाहकार र अनुसन्धानकर्ता समावेश हुन्छन् । बेलायतको संसद्मा पार्लियामेन्ट्री रिसर्च सर्भिस मार्फत सांसदहरूलाई गहिरो अनुसन्धान सहयोग दिइन्छ, र भारतमा पीआरएस लेजिसलेटिभ रिसर्च जस्ता संस्थाहरूले तथ्यमा आधारित जानकारी उपलब्ध गराउँदै आएका छन् । नेपालमा भने स्वकीय सचिवलाई नै 'बिचौलिया' भनेर चित्रित गर्ने प्रवृत्ति बढ्दै गएको छ, जसले संस्थागत क्षमतालाई कमजोर बनाउँछ । यो केवल गलत बुझाइ होइन, यो एक खतरनाक प्रवृत्ति हो– किनकि यसले सांसदलाई आवश्यक पेशेवर सहयोगबाट वञ्चित गर्छ । हामीले स्पष्ट बुझ्नुपर्छ स्वकीय सचिव विना सक्षम सांसदको परिकल्पना गर्नु आजको समयको यथार्थसँग मेल खाँदैन ।

यससँगै अर्को महत्वपूर्ण पक्ष हो उचित पारिश्रमिक र सेवा-सुविधा । धेरैले सांसदको तलब र सुविधालाई नै देश नबन्नुको मुख्य कारण जस्तो प्रस्तुत गर्छन्, तर यथार्थ ठीक उल्टो छ । देश नबन्नुको कारण सांसदले धेरै तलब पाउनु होइन, बरु उनीहरूले अपेक्षित स्तरको काम गर्न नसक्नु हो र त्यसको एउटा मूल कारण कमजोर संरचना, अपर्याप्त सहयोग र अस्थिर कार्य परिवेश पनि हो । कुनै पनि पेशामा उत्कृष्ट प्रतिभा आकर्षित गर्न प्रतिस्पर्धी पारिश्रमिक आवश्यक हुन्छ ।

यदि हामी राजनीतिलाई 'त्याग' को नाममा न्यूनतम सुविधा भएको क्षेत्र बनाउँछौं भने, सक्षम, शिक्षित र इमानदार व्यक्तिहरू यस क्षेत्रमा आउन हिच्किचाउनेछन् । परिणामस्वरूप, या त अत्यधिक धनी मानिसहरू (जसलाई तलबको आवश्यकता छैन) या वैकल्पिक अवसर नपाएकाहरू मात्र राजनीतिमा प्रवेश गर्ने जोखिम बढ्छ । यस्तो अवस्थामा नीति निर्माणको गुणस्तर खस्किन्छ, र दीर्घकालीन रूपमा राज्य कमजोर बन्छ ।

सिंगापुरमा तत्कालीन प्रधानमन्त्री लि क्वानले सार्वजनिक पदाधिकारीको उच्च पारिश्रमिकको नीति अपनाएका थिए । उनको तर्क स्पष्ट थियो यदि राज्यले योग्य र इमानदार व्यक्तिलाई आकर्षित गर्न सकेन भने, निजी क्षेत्रले उत्कृष्ट प्रतिभा तान्छ र सार्वजनिक संस्थाहरू कमजोर बन्छन् । सिंगापुरले यही मोडेल अपनाएर भ्रष्टाचार न्यून राख्न र उच्च दक्षता कायम गर्न सफल भएको छ । यसको विपरीत, जहाँ सार्वजनिक पदमा न्यून पारिश्रमिक हुन्छ, त्यहाँ भ्रष्टाचार, प्रभाव-व्यापार र अनौपचारिक लेनदेनको सम्भावना बढ्ने तथ्य विभिन्न अध्ययनले देखाएका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनल जस्ता संस्थाहरूले पनि यही संकेत गर्छन् कमजोर संरचना र कमजोर प्रोत्साहन भएको ठाउँमा सुशासनको अपेक्षा गर्नु कठिन हुन्छ । त्यसैले 'तलब घटाऊ' भन्ने नारा भावनात्मक रूपमा आकर्षक लागे पनि, यसले दीर्घकालीन रूपमा प्रणालीलाई झन् कमजोर बनाउँछ । सक्षम राज्य निर्माणका लागि सक्षम जनशक्ति चाहिन्छ, र सक्षम जनशक्तिका लागि उचित वातावरण र सम्मानजनक पारिश्रमिक अनिवार्य हुन्छ ।

अन्तत:, बहसको केन्द्रबिन्दु 'सुविधा दिने कि नदिने' होइन, 'सुविधासँगै कडा जवाफदेहिता कसरी सुनिश्चित गर्ने' हुनुपर्छ । स्वकीय सचिवलाई बिचौलिया भनेर गलत भाष्य निर्माण गर्नु समस्या समाधान होइनह बरु उनीहरूको भूमिकालाई स्पष्ट परिभाषित गरेर, कार्यक्षेत्र निर्धारण गरेर, र पारदर्शी मूल्याङ्कन प्रणाली लागू गरेर संस्थागत सुधार गर्नुपर्छ ।

प्रत्येक सांसदको वार्षिक कार्यसम्पादन रिपोर्ट सार्वजनिक हुनुपर्छ उनीहरूले कति विधेयकमा योगदान गरे, कति प्रश्न उठाए, समितिमा कस्तो भूमिका खेले, र आफ्नो निर्वाचन क्षेत्रका लागि के काम गरे भन्ने कुरा स्पष्ट देखिनुपर्छ । यसमा स्वकीय सचिव र अनुसन्धान टिमको योगदान पनि मूल्याङ्कन गरिनुपर्छ, ताकि उनीहरूको काम पारदर्शी र उत्तरदायी बनोस् ।

साथै, डिजिटल प्रणालीमार्फत नागरिकले आफ्ना प्रतिनिधिको काम प्रत्यक्ष ट्र्याक गर्न सक्ने व्यवस्था गर्न सकिन्छ, जसले विश्वास र जवाफदेहिता दुवै बढाउँछ । यदि कुनै स्वकीय सचिवले आफ्नो भूमिका दुरुपयोग गर्छ भने, त्यसका लागि कडा कारबाहीको व्यवस्था हुनुपर्छ तर केही अपवादका आधारमा सम्पूर्ण संरचनालाई बदनाम गर्नु न्यायोचित हुँदैन ।

लोकतन्त्र केवल चुनाव जित्ने प्रक्रियामा सीमित हुँदैनह यसको वास्तविक सफलता संस्थागत क्षमता, पेशेवर सहयोग, निरन्तर अनुगमन र नतिजामुखी मूल्याङ्कनमा निर्भर हुन्छ । त्यसैले अब समय आएको छ हामीले सस्तो लोकप्रियताभन्दा माथि उठेर गम्भीर, तथ्यमा आधारित र दीर्घदृष्टि भएको बहस गरौं ।

सांसदलाई आवश्यक साधन, दक्ष जनशक्ति र अनुसन्धान सहयोग दिऔंह उनीहरूलाई काम गर्न सक्षम बनाऔंह र त्यसपछि निडर भएर उनीहरूको कार्यसम्पादनको कठोर मूल्याङ्कन गरौं । यदि हामीले यो सन्तुलन कायम गर्न सक्यौं भने मात्र हाम्रो संसद् प्रभावकारी, उत्तर दायी र परिणाममुखी बन्न सक्छ अन्यथा, हामी केवल नारामा सीमित, कमजोर र दिशाहीन लोकतन्त्रमै अल्झिरहनेछौं ।

अन्तत:, अब हामीले निर्णय लिनैपर्ने बेला आएको छ हामी कमजोर भाष्य र सस्तो लोकप्रियताको पछि लाग्ने कि सक्षम राष्ट्र निर्माणतर्फ अघि बढ्ने ? स्वकीय सचिवलाई बिचौलिया भनेर बदनाम गर्नु केवल एक गलत बुझाइ होइन, यो संसद्को संस्थागत क्षमतामाथिको सिधा प्रहार हो । सत्य स्पष्ट छ सांसद एक्लैले प्रभावकारी रूपमा काम गर्न सक्दैनन्, र स्वकीय सचिव उनीहरूको सहयोगी र शक्ति हुन् । यदि हामीले यो आधारभूत यथार्थ स्वीकारेनौं भने, हामीले बनाउने नीति कमजोर हुनेछ, हाम्रो संसद् औपचारिकतामा सीमित हुनेछ र विकासको गति कहिल्यै तीव्र हुन सक्ने छैन ।

हामीले अब बहसको स्तर उठाउनुपर्छ सुविधा दिने कि नदिने भन्ने होइन, सुविधा दिएपछि नतिजा कसरी निकाल्ने भन्ने । जवाफदेहिता, पारदर्शिता र कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गरेर मात्र हामी सही सन्तुलनमा पुग्न सक्छौं ।

केही अपवादका आधारमा सम्पूर्ण संरचनालाई दोष दिनु सजिलो छ, तर त्यसले समाधान होइन, झन् समस्या पैदा गर्छ । यदि हामी साँच्चै सक्षम संसद्, गुणस्तरीय नीति र उत्तर दायी नेतृत्व चाहन्छौं भने, हामीले सांसदलाई आवश्यक साधन, दक्ष सहयोगी र अनुसन्धान शक्ति दिनैपर्छ । अन्त्यमा, एउटा स्पष्ट सन्देश संसद् बलियो बनाउने हो भने स्वकीय सचिवलाई कमजोर बनाउने होइन, सशक्त बनाउने समय आएको छ ।

*(साभार: अनलाइनखबर)*

# उन्मत्त बुलडोजरले मानवीयता भत्काइदियो, शासक मस्त निदाइरह्यो

✍ प्रमेश पोखरेल

केही दिनअघि मात्र अधिकारकर्मी रक्षा बमले सुधन गुरुङको अभिव्यक्तिप्रति टिप्पणी गर्दै सोधेकी थिइन्- 'गरिब हुनु अपराध हो भन्न अब कति बेर लाग्ला र ?' यो अंश साँचो हुन एक हप्ता पनि कुर्नु परेन । काठमाडौँका गल्लीहरूमा बुलडोजरको गर्जन सुनिन थाल्यो । वैशाख १० को रात थापाथलीको बागमती किनारमा बस्ने जयकुमार तामाङ आफ्नी श्रीमती र तीन वर्षीया छोरीसँगै डरले थरथर काँपिरहेका थिए । प्रहरीको गाडीमा जडित लाउडस्पिकरले एउटै सन्देश दिइरहेको थियो- शनिबार बिहान ६ बजेसम्म (२४ घन्टाभित्र) घर खाली गर्नु ।

यो सूचना मात्र थिएन, यो एउटा वर्गको सभ्यताले अर्को वर्गको सभ्यतालाई दिएको क्रूर चेतावनी थियो । युद्धभूमिमा धुवाँएको त्रासदीपूर्ण कालो बादल थियो । त्यो निर्ममता र पाशविकताको पराकाष्ठा नै बन्यो । त्यस रात थापाथलीमा बस्ने सयौँ परिवार सुतेनन् । बालेन्द्र शाहको 'नगर सौन्दर्यीकरण'को अभिमान बोकेको नेपाल राज्यले गरिब हुनुलाई नै सबैभन्दा ठूलो दुर्गन्ध ठान्यो अनि राजकीय अपराध सोच्यो ।

यो पहाडको शिरमा भ्यु टावरको विकासपछिको अर्को अतिवादले थालेको गरिब र सकुमबासीरहित सहर बनाउने दिवास्वप्न थियो । आजसम्म झन्डै १० हजारभन्दा बढी सकुमबासी तथा अव्यवस्थित बसोबासीको बासस्थानमा डोजर चलाइएको छ । २०७९ को सरकारी तथ्याङ्कले सकुमबासीको यति ठूलो संख्या नदेखाए पनि हालसम्म ६ हजारभन्दा बढी सरकारको सम्पर्कमा आइसकेका छन् । खासमा आज देशभित्र गरिबीको अपराधीकरण भइरहेको छ ।

### प्रमाणीकरण कि आत्मसम्मान

थापाथलीकी सात वर्षीया सिर्जनाको अपराध के थियो ? उनको स्कुलको पोसाक र पुस्तक अहिले सरकारले लडाएको उनको छानोको भग्नावशेषमा पुरिएको छ । सात सय ७७ परिवारको घरबास उठाउँदै मनोहरामा बुलडोजर चल्यो । दुई सय ८० जना विद्यार्थीको विद्यालय पनि भत्काइयो । ती परिवारले २४ घन्टामा न भाडाको कोठा पाउँछन्, न भाडा तिर्न सक्ने उनीहरूको आर्थिक सामर्थ्य छ ।

जहाँ सुरक्षा गार्डको मासिक तलब आठ हजार एवं नर्सको तलब १० हजार मात्र छ तर एउटा कोठाको भाडा ७ हजारदेखि १५ हजार रहेको सहरमा बाँच्दै गरेका त्यस्ता निम्नवर्गीय परिवारलाई २४ घन्टामा बस्ती खाली गर्न आदेश दिए बालेनले । यहाँ गरिबको एउटै अपराध हो- उनीहरू गरिब भए ।

उनीहरूसँग थापाथलीको त्यो जग्गाको 'कागज' छैन । तर राज्यसँग ती मानिसहरूको उठिबास गरेपछि कहाँ लैजाने भन्ने कागज छैन । योजना र पहिचान छैन । अनि त्यस्तो राज्य अपराधी हुँदैन ? पहाडबाट बसाइँ सरेर सहरी भए पनि ती गरिब नै रहे किनभने राज्यसँग उनीहरूको आर्थिक अवस्था उकास्ने कुनै स्पष्ट योजना थिएन । वर्षौंवर्षको संरचनागत विभेदमा परेर झन्झन् सीमान्त हुँदै गएका उनीहरूलाई नै राज्यले अपराधी करार गरेर उनीहरूको हुर्मत लिएको हामी हेर्न विवश भयौँ ।

आफ्ना लालाबालाका गुन्टा बोकेर कहाँ जाने कसैले मेसो पाएनन् । न त राज्यसँग त्यसको कुनै स्पष्ट खाका रहेको पाइयो । बस, उठिबास लगाइयो । एक हुल जमातले थपडी पिटिरह्यो । २०६८ सालमा बाबुराम भट्टराई सरकारले २५० झुपडी भत्काएर २३ करोड खर्चेर इचङ्गुनारायणमा घर बनायो । त्यो भवन आज रित्तो र भत्किँदो छ । विस्थापितलाई काम, माम र केटाकेटीको शिक्षाले मात्र पिरोलेन, आफ्नै थातबासको मायाले पनि सताइरह्यो ।

आत्मसम्मान बेचेर गाउँभन्दा टाढाको ठाउँमा धकेलिन सायद मुस्किल पर्छ । गरिखान पनि त बाटो चाहिन्छ । थातथलोको माया आदिवासीलाई मात्र हुन्छ र ? बास एक ठाउँ अनि काम टाढाको ठाउँमा गर्न कत्तिको सहज हो ? यही विरोधाभासले जन्माएको सकुमबासी मनोविज्ञानमा 'प्रमाणीकरण कि आत्मसम्मान' भन्ने दुविधा छ । अहिले दशरथ रङ्गशाला र होल्डिङ सेन्टरहरूमा उनीहरूको चित्कार तपाईं-हामी सबैले देखिरहेकै छौँ । सयौँ विस्थापितलाई कोचेर, क्यामेराको प्रकाशमा उनीहरूको गरिबीको 'स्क्रिनिङ' गरेर, वर्षा वा प्रतिकूलताको सिकार बनाएर अनि गोपनीयताको मौलिक अधिकार खोसेर हुर्मत लिइरहेको सिङ्गो समाजले र विश्वले हेरिरहेकै छ ।

प्रहरीको एउटा नौजवानले पचास वर्षीय हिरा दुसादलाई आदेश दियो, 'घरको सबै कबाड कीर्तिपुर लैजाऊ ।' उसको जीवनभरको पसिनाको कमाइ एकै वाक्यांशमा 'कबाड' भयो । रङ्गशालामा आएकी एक गर्भवतीले पानी माग्दा अधिकारीले भने- 'पहिले दर्ता गर अनि खाना र पानीको टोकन पाउँछौ ।' तर उनको पेटभित्र हुर्कँदै गरेको मानव अंशले त टोकन कुर्न सक्दैनथ्यो ।

त्यसैले राज्यले यहाँ एउटा अकाट्य सत्य बिर्सियो । व्यक्तिको गरिमा डाटाबेसमा भन्दा पहिले मानिसको मुटुभित्र अङ्कित हुन्छ । यसैकारण कयौँ युवा-प्रौढ-वृद्धको इख र इज्जत ब्युँझन पुगेको छ । आफ्नै समाजमा आफूलाई 'सकुमबासी' घोषणा गर्नुपर्दा र राज्यबाट अनागरिक स्तरको व्यवहार पाउँदै गर्दा उनीहरूले सुस्केरामै भने- यसपालि हामीले राज्यका अगाडि हार स्वीकार गर्‍यौँ । पुँजीवादी समाज व्यवस्थाको यही नाङ्गो यथार्थ हो- ऊ गरिबीको अपराधीकरण गर्छ र कुलीनहरूको हर्षबढाइँ गर्छ ।

### कानुनी राज्यको उपहास

संविधानको धारा ३७ ले आवास र धारा १६ ले सम्मानपूर्वक बाँच्ने हक दिएको छ । तर ती अक्षरहरू बुलडोजरको अगाडि अर्थहीन बने । कानुनले प्रत्याभूत गरेको खाद्य तथा सम्प्रभुताको अधिकार मूल्यहीन बनेको छ । यसैबीच वैशाख १७ गते गृह मन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारीहरूलाई पत्र पठाएर 'अतिक्रमित संरचना हटाउन सुरक्षा प्रबन्ध मिलाउनू' भन्ने निर्देशन दिएको छ । अधिकार क्षेत्र बाहिर सेनाको गोलबन्दीमा स्थानीय तहसँग तथ्याङ्क माग्ने हडबडीले लोकतन्त्रको सैनिकीकरणको प्रमाण स्पष्ट छ । सरकार गरिबहरूलाई 'राष्ट्रिय सुरक्षा खतरा' ठान्दै छ तर जसबाट लोकतन्त्रमा सबैभन्दा ठूलो खतरा छ उसैसँग सहकार्य गर्दै छ । आज आवाजहरू दबाइएका छन् । भावनाहरू निमोठिएका छन् । यो अवस्था ल्याउन सक्नु सरकारको साँच्चै ठूलो सफलता हो । स्याबास सरकार ! तर यो देशमा त्यस्ता मानिस पनि जिउँदै छन्, जसले यसरी भत्काएर, रुवाएर, धपाएर अनि गरिबीको हुर्मत लिएर शासन गर्नुलाई कानुनी राज्यको उपहास ठान्छन् ।

### मानवीयताको सीमा भङ्ग

दास युगमा काला जातिका कुनै पनि मानिसको आफ्नो इतिहास हुँदैन भनिन्थ्यो । इतिहास विजेताहरूको हुन्छ, त्यसैले गोराहरूको मात्र इतिहास हुन्छ भन्ने ठानिन्थ्यो । तर, कालान्तरमा हामीले के थाहा पायौँ भने दास बनाएर ल्याइएका, अमानवीयता र हिंसाको एक-एक चोट खपेका सबैको आफ्नो इतिहास हुन्छ । ठीक त्यसैगरी सकुमबासीहरूको पनि आफ्नै सभ्यता र संस्कृति हुन्छ । हरेक बस्तीहरूको आफ्नै 'केयर इकोनोमी' हुन्छ । त्यहाँ शासकहरूले नदेख्ने दैनिकी हुन्छ । छिमेकीले आलोपालो बच्चा हेर्ने, चुलोमा दालभात पकाइदिने, वृद्धवृद्धाको मन साटासाट गर्ने अनि छोराछोरी काममा जाँदा पानी पुर्‍याइदिने सामाजिकता त्यहाँ हुन्छ । सामूहिकता, एकता र विश्वासमा हुर्किएको त्यो संस्कृतिको मूल्य आज राज्यले देख्न सकेन । शासकीय अन्धो बुलडोजरले त्यो अदृश्य सामाजिकतालाई एकै झट्कामा च्यातिदियो, तितरबितर पारिदियो ।

नृवंशीय दृष्टिले नेपाली समाजमा 'इज्जत' केवल सम्मानको शब्द होइन बरु यो पहिचान हो । विशिष्ट आर्थिक-सांस्कृतिक धरातल हो । घर मानिसको 'प्राइभेट डोमेन' हो, जहाँ उसको अस्मिता, लाज, गोपनीयता र अस्तित्व संरक्षित रहन्छ । जब राज्यले उसको घरको छानो भत्काउँछ, जमिनबाट बेदखल गर्छ अनि अतिक्रमणबाट सभ्यता नै नामेट पार्छ, प्रत्येक पल एउटा विद्रोहीको भ्रूण विकसित भइरहेको हुन्छ । छरिएको पीडा पुन: सङ्गठित हुन समय लाग्न सक्छ तर यस्तो स्वाभिमान, इज्जत र अधिकारमाथिको सार्वजनिक हमला अक्षम्य अपराध हो । अन्याय तब हुन्छ जब उत्पीडितलाई आफ्नै पीडा बोल्न पनि बन्देज लगाइन्छ । कहिलेकाहीँ थाकेको जीवनले न्याय समात्न छोडेको हुन सक्छ । गरिबीको अपराधीकरणका विरुद्ध केही बस्तीमा प्रतिवाद भए तर बुलडोजरसामु तिनका चीत्कारहरू दबाइए ।

बलजफ्ती विस्थापनको चौतर्फी आँधीले तिनलाई उडाए पनि, बालेनको अधिनायकवादले लघारे पनि सकुमबासी सैर्ष समितिको घोषणा र आन्दोलनको तयारीलाई धिपधिपे उज्यालो मान्नै पर्छ । खासमा मानवीयताको पक्षमा र निर्दयीपनाको विपक्षमा उठेको यो आवाज दब्नु हुँदैन । बालेन शाह र सुदन गुरुङहरूलाई लाग्छ, नेपालमा गरिब नै छैनन् । यहाँ वास्तविक सकुमबासी नै छैनन् । तर वास्तविकता फरक छ । यहाँ ५ प्रतिशत जनसंख्यासँग ३७ प्रतिशत कृषियोग्य जमिन छ । लाखौँ परिवार घरबार र जमिनहीन छन् । अफसोस त के छ भने २०११ सालदेखि २०८१ सम्म २२ वटा भूमि आयोग बने, सबैले काम छाडेर गए । बागमती किनारका जयकुमार तामाङका बुबाले २०६३ मा यो बस्ती बसाएदेखि चारपटक बुलडोजर देखिसके । यो उनको चौथो पुनर्निर्माण थियो तर अब उनीसँग पुनर्निर्माणको सामग्री छैन ।

*क्रमश: पृष्ठ-३...*

# भारतकै कारण नेपाली चिया निर्यात ठप्प, ट्रकपिच्छे परीक्षण र महँगो शुल्कको सास्ती



काठमाडौं/भारतले नेपालबाट हुने चिया निर्यातमा नयाँ र कडा प्रावधानहरू लागु गरेपछि नेपाली चिया उद्योगमा नयाँ संकट उत्पन्न भएको छ । वर्षौंदेखि कायम निर्यात प्रक्रिया एकाएक परिवर्तन गर्दै भारतीय चिया बोर्डले १ मे (१८ वैशाख) देखि लागु हुने गरी 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) जारी गरेसँगै नेपाली चिया निर्यात ठप्प बनेको व्यवसायीहरूले गुनासो गरेका छन् ।

भातरले नयाँ नियम अनुसार अब नेपालबाट भारत छिर्ने चियाको प्रत्येक ट्रक र प्रत्येक खेपको छुट्टाछुट्टै प्रयोगशाला परीक्षण अनिवार्य गरेको छ । पछिल्लो समय भारतमा आयात हुने चियाको मात्रा बढेसँगै त्यसमा मिसावटको जोखिम पनि उच्च भएको भन्दै त्यहाँको संसदीय समितिले कडा निगरानी गर्न सिफारिस गरेको थियो ।

सोही सिफारिस कार्यान्वयन गर्दै भारतीय चियाको साख जोगाउन, विदेशी चियाको गुणस्तर मापन गर्न र उपभोक्ताको स्वास्थ्य सुनिश्चित गर्न टी-बोर्डले यो नयाँ कदम चालेको जनाएको छ । यसअघि एउटा नमुना परीक्षण रिपोर्टले १५ दिनसम्म वा १० वटा ट्रकलाई मान्यता दिने गरि एकोमा अहिले ट्रकपिच्छे ११ हजार १ सय २० भारु शुल्क तिरेर नमुना परीक्षण गर्नुपर्ने र त्यसको रिपोर्ट आउन कम्तीमा दुई साता कुर्नुपर्ने झन्झटिलो प्रावधान राखिएको छ ।

अबदेखि भारत प्रवेश गर्नेबित्तिकै चियाको नमुना भारतको राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालामा पठाइने छ । प्रयोगशालाले नमुना प्राप्त गरेको १४ दिनभित्र परीक्षण रिपोर्ट अनलाइन प्रणालीमा अपलोड गर्ने उल्लेख छ । जबसम्म चियाले प्रयोगशालाबाट सम्पूर्ण मापदण्ड पूरा गरेको 'क्लियरेन्स सर्टिफिकेट' पाउँदैन, तबसम्म आयातकर्ताले उक्त चिया भारतको आन्तरिक बजारमा बेच्न वा अन्य देशमा पुन: निर्यात गर्न पाउने छैनन् । त्यस्ता चियालाई अन्तिम रिपोर्ट नआउन्जेलसम्म छुट्टै गोदाममा सुरक्षित राख्नुपर्ने कडा व्यवस्था गरिएको छ ।

परीक्षण क्रममा तोकिएको मापदण्ड पूरा गर्न नसकी फेल भएको चियालाई कुनै पनि हालतमा क्लियरेन्स दिइने छैन र यसबारे आयातकर्तालाई तत्काल 'अलर्ट मेसेज' पठाइने छ । यद्यपि, पहिलो परीक्षणमा चिया फेल भई नतिजामा चित्त नबुझे आयातकर्तालाई टी-बोर्डसँग सुरक्षित राखिएको अर्को 'रिजर्भ नमुना' को पुन: परीक्षण गराउने विकल्प पनि खुला राखिएको छ ।

तर, पुन: परीक्षण प्रक्रिया निकै महँगो छ । यसका लागि आयातकर्ताले फेल भएको जानकारी पाएको ४८ घण्टाभित्र अनलाइन मार्फत निवेदन दिइसक्नुपर्ने छ । पुन: परीक्षण गराउँदा लाग्ने सम्पूर्ण खर्च आयातकर्ता आफैंले बेहोर्नुपर्ने छ, जसमा प्रतिनमुना १५ हजार भारु (करिब २४ हजार नेपाली रुपैयाँ) र त्यसमा थप जीएसटी शुल्क लाग्ने निर्देशिकामा उल्लेख छ ।

नेपालबाट वार्षिक ठूलो मात्रामा सीटीसी र अर्थोडक्स चिया भारततर्फ निर्यात हुने गर्छ । नेपाली चिया उद्योगी तथा निर्यातकर्ताले आफ्नो चियाको गुणस्तर भारतीय खाद्य सुरक्षा मापदण्ड अनुसार अत्यन्तै कडाइसाथ कायम राख्नुपर्ने चुनौती थपिएको छ ।

**भारतले चिया निर्यातमा अघोषित नाकाबन्दी गऱ्यो : व्यवसायी**

नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष शिवकुमार गुप्ताका अनुसार भारतले चिया रोक्ने औपचारिक घोषणा नगरे पनि व्यावहारिक रूपमा निर्यातलाई असम्भव तुल्याइदिएको छ । यसलाई 'अघोषित नाकाबन्दी' नै भन्दा फरक नपर्ने उनको भनाइ छ ।

'निर्यात औपचारिक रूपमा बन्द नै भएको त होइन, तर भारतीय चिया बोर्डले ल्याएको नयाँ नीतिका कारण अहिले कुनै पनि व्यवसायीले माल लोड गरेका छैनन्,' गुप्ताले संचारकर्मीसँग भने, '३१ अप्रिलसम्म निर्यात भइरहेको थियो, तर १ मेदेखि नयाँ नियम लागु भएपछि समस्या सुरु भयो ।'

भारतीय पक्षले अबदेखि नेपालबाट जाने चियाको हरेक ट्रकको छुट्टाछुट्टै प्रयोगशाला परीक्षण अनिवार्य गरेको हुँदा धेरै झन्झटिलो बनेको उनी बताउँछन् । 'अहिले प्रत्येक गाडीको स्याम्पलिङ गर्नुपर्ने र त्यसको रिपोर्ट आउन कम्तीमा ७ देखि १४ दिन कुर्नुपर्ने बनाइएको छ,' उनले भने, 'एउटा नमुना परीक्षणको शुल्क मात्रै करिब १८ हजार नेपाली रुपैयाँ तोकिएको छ ।'

भारतको पानीट्यांकी भन्सारमा चिया लोड भएका ट्रकहरू १० दिनसम्म रोकेर राख्ने ठाउँ नभएको उनको गुनासो छ । 'खुला आकाशमुनि वा ट्रकमा चिया राख्दा त्यसको गुणस्तर ह्रास हुन्छ,' वरिष्ठ उपाध्यक्ष गुप्ता भन्छन्, 'यस्तो अवस्थामा न त हामी पठाउन सक्छौं, न भारतीय क्रेताहरू नै चिया किन्न इच्छुक हुन्छन् ।'

यो नयाँ नियमले नेपालबाट चिया किन्ने भारतीय व्यापारीहरूलाई पनि निरुत्साहित गरेको गुप्ताको तर्क छ । 'भारतीय बायरहरू अहिले पर्ख र हेरको अवस्थामा छन्,' उनी भन्छन्, 'रिपोर्ट नआएसम्म उनीहरूले हामीलाई भुक्तानी दिँदैनन् र रिपोर्ट फेल भए चिया फिर्ता वा नष्ट हुने जोखिम हुन्छ, यति धेरै जोखिम लिएर कोही पनि नेपाली चिया उठाउन उनीहरू तयार छैनन् ।' गुप्ताका अनुसार निर्यातमा आएको यो अवरोधले नेपाली चियाको बजार भाउसमेत प्रभावित बनाएको छ । अहिलेसम्म भारततर्फ निर्यात भइरहेको चियाको मूल्य १ सयदेखि १ सय ५ भारुसम्म थियो ।

नेपालको आन्तरिक बजारमा भने गुणस्तर हेरी २ सयदेखि २ सय ५० रुपैयाँसम्ममा चिया बिक्री भइरहेको छ । अझ महँगो मानिने 'सेकेन्ड फ्लस' को चिया अहिलेसम्म निर्यात हुन पाएको छैन ।

**कूटनीतिक पहल आवश्यक**

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले भारतको नयाँ नियमले पारेको गम्भीर असरबारे सरोकारवालासँग छलफल गरी लिखित प्रतिवेदन सम्बन्धित मन्त्रालयमा बुझाइसकेको जनाएको छ । यो प्राविधिक वा प्रशासनिक मात्र नभई दुई देशका सरकारबीच (जीटुजी) सुल्झाउनुपर्ने गम्भीर विषय भएको बोर्डका कृषि विकास अधिकृत इन्द्रप्रसाद अधिकारी बताउँछन् ।

'हामीले सरोकारवालाहरूसँग छलफल गरेर सबै लिखित जानकारी केन्द्रीय कार्यालय हुँदै मन्त्रालयमा पुऱ्याइसकेका छौं,' अधिकृत अधिकारी भन्छन्, 'यो सरकार-सरकारबीचको कुरा हो, कूटनीतिक तवरबाट पहल हुँदैछ, यति गम्भीर समस्यालाई सरकारले छिट्टै कूटनीतिक संवाद मार्फत सुल्झाउनुको विकल्प छैन ।'

प्रयोगशाला परीक्षणको रिपोर्ट नआउन्जेल भारतीय भूमिमा चियाको गाडी होल्ड गरेर राख्नुपर्ने अवस्था सिर्जना भएकाले यसले लागत अत्यधिक बढाउने उनको भनाइ छ । 'सबैभन्दा ठूलो डर डम्पिङको हो, पारि लगेर महँगो शुल्क तिरी परीक्षण गराउँदा यदि नतिजा फेल आयो भने त्यो चिया भारतले त्यहीँ नष्ट गर्न लगाउने जोखिम छ,' उनी भन्छन्, 'यत्रो लगानी डुब्ने डरले मे १ देखि व्यवसायीले सीमामा गाडी नै पठाउन सकेका छैनन् ।'

**बखेडा झिक्ने भारतको पुरानै शृंखला**

भारतले नेपाली चियामाथि अवरोध खडा गरेको यो पहिलो घटना भने होइन । नेपाली चिया उद्योगीहरूका अनुसार भारतले कहिले 'गुणस्तर' त कहिले 'ब्रान्डिङ' को बहाना बनाएर 'गैरभन्सार अवरोध' खडा गर्दै आएको छ । सन् २०२० को कोभिड लकडाउनमा चिया अत्यावश्यक वस्तु नभएको बहानामा भारतले निर्यात रोकेको थियो । त्यसपछि २०२१ नोभेम्बरमा पनि भारतीय टी-बोर्डले नेपाली चिया गुणस्तर हीन भएको भन्दै पानीट्यांकी नाकामा हप्तौंसम्म गाडी रोकेर दु:ख दिएको थियो ।

२०२४ अप्रिलमा पनि पश्चिम बंगाल सरकारको कृषि निर्देशनालयको आदेश भन्दै भारतीय भन्सारले विना पूर्वजानकारी दर्जनौं नेपाली चियाका ट्रक रोकेको थियो, जुन नेपाल सरकारको कूटनीतिक दबाबपछि मात्रै ट्रक छाडिएको थियो । यी सबै बखेडाको पछाडि पश्चिम बंगाल र दार्जिलिङका चिया उत्पादकहरूको ठूलो दबाब रहेको व्यवसायीहरू बताउँछन् ।

उनीहरूका अनुसार नेपाली अर्थोडक्स चिया गुणस्तरीय भएकाले दार्जिलिङ चियासँग विश्व बजारमा प्रतिस्पर्धा गर्न थालेपछि भारतीय व्यवसायीहरू आत्तिएका छन् । नेपाली चिया भारतमा लगेर 'दार्जिलिङ चिया' का नाममा मिसाएर बेच्ने गरिएको आरोप लगाउँदै भारतीय चिया युनियन, त्यहाँका सांसददेखि पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीसम्मले नेपाली चियाको आयात रोक्न वा ४० प्रतिशतसम्म भन्सार दर लगाउन केन्द्रीय सरकारलाई निरन्तर दबाब दिँदै आएका थिए । सोही दबाब स्वरूप अहिले भारतले नियतवश कडा नियम ल्याएको नेपाली व्यवसायीको ठहर छ ।

**बजारको निर्भरता र अन्य मुलुकको विकल्प**

नेपालको चिया निर्यातको सबैभन्दा ठूलो बजार भारत हो । २ वर्षअघि पाकिस्तानी दूतावासको कूटनीतिक समन्वयमा पाकिस्तानतर्फ डेढ लाख किलो चिया निर्यात भएको थियो । सोही समय चिनियाँ व्यापारीले पनि केही चासो देखाएका थिए । तर, पछि यो विषय यत्तिकै सेलाएर गयो । भारतबाहेक तेस्रो मुलुकमा नेपाली चिया निर्यात सन्तोषजनक छैन ।

चिया तथा कफी विकास कोर्डका कृषि अधिकृत अधिकारीका अनुसार मध्यपूर्वको द्वन्द्वका कारण त्यतातिर जाने चिया निर्यात अहिले शून्यप्राय: छ । त्यसैले परराष्ट्र र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय स्तरबाटै भारतीय समकक्षीसँग तत्काल बसेर चियाको सहज निकासको वातावरण बनाउनुपर्ने हुन्छ ।

नेपालको अर्थोडक्स चियाको झन्डै ९० प्रतिशत र सीटीसी चियाको ५० प्रतिशत बजार भारत नै हो । चीन र पाकिस्तान जस्ता देशमा निर्यात गर्ने चर्चा चले पनि त्यो तत्काल सम्भव नरहेको चिया उत्पादक संघ वरिष्ठ उपाध्यक्ष गुप्ता बताउँछन् ।

'चीन आफैं ठूलो निर्यातकर्ता हो, त्यहाँ हाम्रो सीटीसी चिया जाँदैन, पाकिस्तान पठाउन भारत भएर जानुपर्नेमा सम्बन्ध चिसिएका कारण त्यो बाटो बन्द छ,' उनी भन्छन्, 'समुद्र मार्फत पठाउँदा लागत यति महँगो पर्छ कि हाम्रो चियाले प्रतिस्पर्धा नै गर्न सक्दैन ।'

नेपाली चिया उत्पादकहरू गुणस्तर परीक्षणको विरोधी नरहेको तर प्रक्रिया 'स्मुथ' हुनुपर्ने उनको माग छ । 'हामी परीक्षणबाट डराएका होइनौं, नेपाली चिया गुणस्तरीय छ,' गुप्ता भन्छन्, 'तर, बोर्डरमा ट्रक रोकेर हप्तौं रिपोर्ट कुर्नु व्यावहारिक छैन, नेपालकै ल्याब रिपोर्टलाई मान्यता दिने वा एक पटकको रिपोर्टले निश्चित समय काम गर्ने पुरानै व्यवस्था कायम हुनुपर्छ ।'

**उत्पादन र निर्यात अवस्था**

पछिल्लो समय नेपालले वार्षिक करिब ४ अर्ब मूल्य बराबर चिया निर्यात गर्दै आएको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आर्थिक वर्ष २०८१/८२ को तथ्यांकले मुलुकको २० हजार ६ सय २ हेक्टर भूभाग चिया बगानले ओगटेको देखाउँछ । जहाँबाट वार्षिक २ करोड ६१ लाख २३ हजार १ सय ११ किलो तयारी चिया उत्पादन हुने गरेको छ ।

यस व्यवसायमा १५ हजार १ सय ३२ साना किसान प्रत्यक्ष सहभागी छन् भने देशभरि १ सय ७० ठूला बगान (टी-स्टेट) सँगै १ सय २० वटा साना तथा मझौला प्रशोधन इकाइ सञ्चालनमा छन् । बगानदेखि उद्योगसम्मको शृंखलामा करिब ६० हजार जनशक्तिले प्रत्यक्ष रोजगारी पाएका छन् ।


नेपालमा चियाको मुख्य आधार कोशी प्रदेश हो, जसमा झापा जिल्ला उत्पादन अग्रणी स्थानमा छ । झापाको १० हजार ३ सय ४० हेक्टर क्षेत्रफलबाट १ करोड ९५ लाख ६६ हजार ७ सय ९५ किलो चिया उत्पादन हुन्छ, जसमा मुख्य हिस्सा सीटीसी चियाको छ ।

गुणस्तरीय अर्थोडक्स र ग्रिन-टीको पर्याय बनेको इलाममा ७ हजार ३ सय ९ हेक्टरमा खेती फैलिएको छ । यहाँबाट ६२ लाख ९१ हजार ३ सय ७३ किलो चिया उत्पादन हुन्छ । त्यस्तै पाँचथर, धनकुटा, तेह्रथुम र ताप्लेजुङ जस्ता पहाडी जिल्लाले पनि अर्थोडक्स चिया उत्पादनमा आफ्नो पहिचान बलियो बनाएका छन् । पछिल्लो चरणमा भोजपुर, दोलखा, नुवाकोट र कास्कीसम्म यसको व्यावसायिक विस्तार भइरहेको छ ।

गत आव २०८१/८२ मा मात्रै १ करोड ५५ लाख ९८ हजार ६ सय ६० किलो चिया वाह्य मुलुक पठाएर नेपालले ४ अर्ब ५९ करोड ८ लाख ५६ हजार रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन गरेको थियो । सोही अवधिमा ९ करोड २ लाख ९० हजार बराबरको १ लाख १३ हजार ३ सय ७२ किलो चिया आयात भएको तथ्यांक छ ।

*(स्रोत: अनलाइनखबर)*

# लालीबजार, मालती मंगले, गुरुआमासहित ५ फिल्म शुक्रबारदेखि, शोज कति छ ?







काठमाडौं/हलमा शुक्रबार ३ नेपालीसहित पाँच फिल्म रिलिज हुँदैछन् । मालती मंगले, लालीबजार र गुरुआमा एकसाथ प्रदर्शनमा आउनेछन् । बलिउडको 'कृष्णावतरम पार्ट १' र हलिउडको 'मोर्टल कम्ब्याट पार्ट २' पनि आउँदैछन् ।

अदालतको आदेशपछि प्रदर्शनको बाटो खुला भएपछि 'लालीबजार' शुक्रबारदेखि आउने निश्चित भएको हो । हलहरूले ५ फिल्मलाई विभिन्न सूचकअनुसार शो विभाजन गरेका छन् । जसमा, 'लालीबजार'ले १२० शोज, 'गुरुआमा'ले ७१ र 'मालती मंगले'ले १०३ शोज पाएका छन् ।

विशेषगरि, लालीबजार र मालतीमंगले दर्शकमाझ प्रतीक्षित र स्टारले भरिएका फिल्म हुन् । प्रतिस्पर्धा त हुने नै भयो, शोज विभाजन हेर्दा पनि यी दुई फिल्मलाई अरुभन्दा धेरै छ ।

स्वस्तिमा खड्का स्टार र 'लालीबजार' बादी समुदायकी एक महिलाले छोरीको प्रतिष्ठा र जीविकाको लागि गर्ने संघर्षको कथा भन्छ । 'मालती मंगले'मा विजय बराल, वर्षा राउतजस्ता लोकप्रिय कलाकार छन् ।

फिल्मको यो बाढीले शुक्रबारदेखि हल चलायमान हुने अपेक्षा गर्न सकिन्छ । अहिले प्रदर्शनरत फिल्म 'परालको आगो'ले बक्सअफिसमा उत्साहजनक कलेक्सन गरिरहेको छ ।

# गीतको कपिराइट विवादमा फस्यो 'धुरन्धर २', उच्च अदालतमा सुनुवाइ हुने



मुम्बई/बलिउड निर्देशक आदित्य धरको फिल्म 'धुरन्धर २ : द रिभेन्ज'ले एकातिर बक्स अफिसमा ऐतिहासिक सफलता पाइरहको छ भने अर्कोतिर फिल्म कपीराइट विवादमा फसेको छ ।

दिल्ली उच्च अदालतलाई जानकारी गराइएअनुसार फिल्मका निर्माता पक्ष र 'त्रिमूर्ति फिल्म्स'बीच गीत 'तिरछी टोपीवाले'को कपीराइट विवाद मध्यस्थताबाट समाधान हुन सकेन ।

'त्रिमूर्ति फिल्म्स'का र ाजीव रायले जियो स्टुडियोज र बी सिक्सटी टुविरुद्ध अनुमति बिना गीत प्रयोग गरिएको आरोपसहित मुद्दा दायर गरेका हुन् । उक्त गीत राजीव राय निर्देशित सन् १९८९ को फिल्म 'त्रिदेव'मा समावेश थियो र यसको अधिकार 'त्रिमूर्ति फिल्म्स'सँग रहेको दाबी गरिएको छ ।

मध्यस्थता असफल भएपछि 'धुरन्धर २'मा प्रयोग गरिएको 'रंग दे लाल (ओए ओए)' गीतसम्बन्धी विवादले नयाँ मोड लिएको छ । अब फिल्मका निर्माता पक्षले अदालतमा औपचारिक सुनुवाइ र ट्रायल सामना गर्नुपर्ने भएको छ ।

'बार एन्ड बेन्च'को रिपोर्टअनुसार न्यायाधीश तुषार राव गेडेलाले यस मुद्दाको अर्को सुनुवाइका लागि मे ८ को मिति तोकेका छन् । सुरुमा अदालतले दुवै पक्षलाई आपसी समझदारी र मध्यस्थतामार्फत समाधान खोज्न सुझाव दिएको थियो । तर बुधबार पुन: सुनुवाइ हुँदा मध्यस्थता सफल नभएको जानकारी अदालतलाई गराइएको हो ।

'तिरछी टोपीवाले' गीत मूल रूपमा सन् १९८९ मा रिलिज भएको 'त्रिदेव' फिल्मको चर्चित गीत हो । यसमा सपना मुखर्जी र अमित कुमारको स्वर रहेको थियो भने संगीत जोडी कल्याणजी-आनन्दजीले संगीत तयार गरेका थिए । गीत त्यस समयको ठूलो हिट बनेको थियो र तीन दशकभन्दा बढी समयदेखि लोकप्रिय रहँदै आएको छ ।

यसै वर्ष मार्च १९ मा रिलिज भएको 'धुरन्धर २ : द रिभेन्ज'को क्लाइमेक्स दृश्यमा उक्त गीत प्रयोग गरिएको छ । फिल्ममा यो गीत 'रंग दे लाल' शीर्षकमा समावेश गरिएको छ र यसका केही नयाँ शब्द पनि थपिएका छन् ।

गीतलाई ज्यास्मिन स्यान्डलस र अफसाना खानले स्वर दिएका छन् भने शाश्वत सचदेवले रिमिक्स गरेका हुन् । फिल्ममा यो गीत अभिनेता राकेश बेदीको पात्रमाथि चित्रित गरिएको छ, जहाँ उनले मुख्य पात्र जसकीरत, जसको भूमिका रणवीर सिंहले निभाएका छन्, उनलाई महत्वपूर्ण कुरा सुनाइरहेका हुन्छन् ।

फिल्म रिलिज भएको केही समयमै 'त्रिमूर्ति फिल्म्स'ले निर्माता पक्षविरुद्ध अदालत पुगेको थियो । कम्पनीले गीत प्रयोग गर्न आवश्यक लाइसेन्स वा अनुमति नलिइएको दाबी गरेको छ । गीत र यसको साउन्ड रेकर्डिङसँग सम्बन्धित सम्पूर्ण अधिकार आफूहरूसँग रहेको भन्दै कम्पनीले अनुमति बिना गीत पुन: निर्माण गरेर सार्वजनिक गरिएको आरोप लगाएको छ ।

राजीव रायले 'डीएनए'सँगको अन्तर्वार्तामा भनेका छन्, 'मेरो लडाइँ केवल साउन्डट्र्याकमा गीत प्रयोग गरिएको विषयमा होइन, यो त सम्पूर्ण कथासँग जोडिएको विषय हो । यो चोरी हो । अर्को फिल्ममा अलिकति परिवर्तन गरेर प्रयोग गर्नु दोहोरो चोरीजस्तै हो । मेरो नजरमा यो स्पष्ट चोरीको मामला हो ।'

उता टी सिरिज अन्तर्गतको 'सुपर क्यासेट्स इन्डस्ट्रिज', जससँग गीतको अडियो अधिकार रहेको बताइन्छ । उसले कुनै पनि अन्तरिम राहत दिन नहुने अडान राखेको छ । कम्पनीले 'त्रिमूर्ति फिल्म्स'ले पूर्ण पारदर्शिता नअपनाएको र यस्ता अघिल्ला घटनालाई बेवास्ता गरेको दाबी गरेको छ ।

निर्माता कम्पनी बी सिक्सटी टु स्टुडियोजले अदालतलाई 'धुरन्धर २' पहिले नै प्रदर्शनमा आइसकेको र मे महिनाको मध्यतिर ओटीटी प्लेटफर्ममा समेत आउन सक्ने जानकारी दिएको छ ।

यसबीच फिल्म अझै पनि हलमा प्रदर्शनरत छ । फिल्मको साउन्डट्र्याक र 'रंग दे लाल' गीत अहिले पनि फिल्मभित्र समावेश छ । प्रदर्शनको ४९औं दिन फिल्मले भारतभर ८५९ शोबाट ५२ लाख भारु कमाएको छ

# उन्मत्त बुलडोजरले मानवीयता भत्काइदियो....

उनले घर बनाउन आफ्नी श्रीमतीको सुनको फुली, आफ्नो मोटरसाइकल र तीन महिनाको ज्याला सबै सके । आज उनको ६ जनाको परिवार एउटा साँघुरो कोठामा निसास्सिएको छ । तर यहाँ नदी किनारमा घर कसरी बन्यो भन्ने प्रश्न गरिन्छ । उनीसँग त जमिनको पुर्जा पनि छ । यो ती बस्तीका सबै घरको कहानी हो । कति मेहनत र दु:ख भिजेको छ ती घरटहराहरूमा ! ती वृद्ध भन्छन्- अब न त निद्रा छ, न काम खोज्ने हिम्मत । यसरी जीवनको उत्तरार्धमा उन्मत्त बुलडोजरको आतङ्कले आज मानवीयताको सीमा भत्काइदियो र शासक मस्त निदाइरह्यो ।

**जीवनका अनेक कथाहरू**

कोही किन सकुमबासी बन्छ ? किन र कसरी उनीहरू सकुमबासी भए ? यो रहर थियो वा बाध्यता ? यत्ति बुझ्न पनि मानवीय संवेदना चाहिन्छ, वर्गीय सोच चाहिन्छ । तथ्यले भन्छ- २०७२ सालको विनाशकारी भूकम्प, पछिल्ला बाढी पहिरो र जलवायु परिवर्तनले सिर्जना गरेको मौसमी अनिश्चितताका कारण कयौं परिवार घरबारविहीन भएका छन् ।

यी बस्तीमा बस्नेहरूका यस्तै आ-आफ्ना कथा छन् । उनीहरूमध्ये दोलखाका ६६ वर्षीय सिङ्गबहादुर तामाङको पुस्तौंदेखिको खेतबारी पहिरोले पुरिदियो । रामेछापका ६३ वर्षीय दिलबहादुर रम्तेलको पीडा अर्कै छ । कतिपय पहाडको जीवन नधान्ने भिरपाखोको जमिन माया मारेर सहर पसे भने कतिलाई त बाँदर र बँदेलको आतङ्कले सहर ल्याएर पछ्याऱ्यो । परिस्थितिले सहरी गरिब बनायो । घरभाडा तिर्न सक्ने सामर्थ्य थिएन, अनि रात बिताउन लतारिएर पुगे सकुमबासी बस्ती । त्यहीँ टहरा बनाएर बसे । आज बालेनहरूको नजरमा उनीहरू सरकारी जमिन कब्जा गर्ने अपराधी बने, नक्कली सकुमबासी बने ।

ती विस्थापितहरूको अर्को पीडादायी यथार्थ मनोहरा नदी किनारका बस्तीहरूमा देखिन्छ । वर्षायाममा नदीले ती टहराहरू नै बगाउँथे । सरकारलाई यो उनीहरूको रोजाइ हो जस्तो लाग्यो । बाबुराम भट्टराई र रञ्जु दर्शनालाई पनि यो बस्ती भत्काउन सक्नु सरकारको साहसी काम जस्तो लाग्यो । जडीबुटीको त्यो क्षेत्र काठमाडौंको आधिकारिक नक्सामा पर्दैन भन्नुको अर्थ हो- राज्यको नजरमा ती मानिसहरू छँदै छैनन् । विस्थापनको यो सिलसिला तब थप मार्मिक बन्छ, जब सिन्धुपाल्चोककी २५ वर्षीया आरती तामाङको कथा जोडिन्छ । भूकम्पले उनको होटेल र पतिको सवारी चालकको काम दुवै सखाप पारिदियो । भूकम्पको रातमा बाँच्न सफल उनी अहिले काठमाडौंको साँघुरो कोठामा बच्चा सम्हाल्दै रुग्ण शरीरले स्वेटर बुनिरहेकी हुन्छिन् । तातोपानी नाका पहिले जस्तै गुलजार भए, गाउँ नै फर्कने उनको चाहना छ । तर डर पनि उति नै छ- फेरि बाढीपहिरोमा परी आफ्ना छिमेकी नातेदारजस्तै संसारबाटै अलप भइने पो हो कि ?

*(साभार: रातोपाटी)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८

स्वर्गाद्वारी महिला पञ्चेबाजा समूह
हेटौडा-१, मकवानपुर



हाम्रो सेवाः विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह स्वम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

# सीमान्तकृतलक्षित शिक्षा विकास कार्यक्रमको सामाजिक परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ मकवानपुरको राक्सिराङ गाउँपालिकामा सीमान्तकृत तथा चेपाङ समुदाय लक्षित शिक्षा तथा नेतृत्व विकास कार्यक्रमअन्तर्गत सामाजिक लेखा परीक्षण सम्पन्न भएको छ ।

हिमराइट्स मकवानपुरको आयोजना, गाउँपालिकाको समन्वय तथा कोर इन्टरनेशनलको सहयोगमा कार्यक्रम भएको हो । कार्यक्रममा हिमराइट्स मकवानपुरकी कार्यक्रम संयोजक कुमारी वाइबाले संस्थाले शिक्षाबाट वञ्चित समुदायलाई लक्षित गरी विभिन्न सहयोग गर्दै आएको बताइन् । उनले विशेषगरी सीमान्तकृत बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्न कार्यक्रम प्रभावकारी बनेको उल्लेख गरिन् । प्रजाजागृति माध्यमिक विद्यालयकी प्रधानाध्यापक शर्मिला पौडेलले ५४ जना विद्यार्थी माथि गरिएको सहयोग महत्वपूर्ण रहेको बताउँदै सहयोगी संस्थाप्रति आभार व्यक्त गरिन् ।



उनले सामाजिक लेखा परीक्षणबाट परियोजनामा ठूलो लगानी र प्रभाव रहेको स्पष्ट भएको भन्दै अभिभावक, शिक्षक तथा विद्यार्थीले यसको सही सदुपयोग गर्नुपर्नेमा जोड दिइन् । अभिभावक रबिनकुमार चेपाङले संस्थाबाट प्राप्त कुखुरापालन सहयोगले परिवारको जीविकोपार्जन सहज भएको र बालबालिकाको पढाइमा सहयोग पुगेको बताए । यस्तै कक्षा ९ मा अध्ययनरत एक विद्यार्थीले कक्षा ४ देखि प्राप्त सहयोगले आर्थिक बोझ कमभई अध्ययनलाई निरन्तरता दिन सहज भएको अनुभव सुनाए ।

हिमराइट्सका अनुसन्धानकर्ता सुशील श्रेष्ठले आर्थिक वर्ष २०८२/८३ को सार्वजनिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्दै राक्सिराङ-३ र राक्सिराङ-५ का ५२ परिवारलाई आयआर्जन कार्यक्रम मार्फत सहयोग गरिएको जानकारी दिए । उनकाअनुसार ५२ परिवारलाई खाद्यान्न सहयोग, २५ बालबालिकालाई शैक्षिक सहयोग तथा ५० भन्दा बढी विद्यार्थीलाई शैक्षिक सामग्री र छात्रवृत्ति प्रदान गरिएको छ । कार्यक्रमअन्तर्गत छात्रवृत्ति, ट्युसन कक्षा सञ्चालन, शैक्षिक सामग्री वितरण, बाख्रा तथा कुखुरापालन, अदुवा र बेसारखेती, खाद्यान्न तथा मौसमी कपडा वितरणजस्ता गतिविधि सञ्चालन गरिएका छन् ।

परियोजनाको मुख्य उद्देश्य सीमान्तकृत तथा चेपाङ समुदायका बालबालिकाको शिक्षा, नेतृत्व विकास तथा अभिभावकको जीविकोपार्जन सुदृढ बनाउनु रहेको बताइएको छ । सामाजिक लेखा परीक्षणले संस्थाको पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारिताको मूल्यांकन गर्नुका साथै सरोकार वालाबाट सुझाव संकलन गरी आगामी कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको जनाइएको छ । परियोजनाबाट ५२ बालबालिकाले छात्रवृत्तिमार्फत अध्ययनलाई निरन्तरता दिएका छन् भने ५२ बालबालिकाका लागि अतिरिक्त ट्युसन कक्षा सञ्चालन गरिएको छ ।

स्थानीय सरकार, शिक्षक, अभिभावक तथा बालबालिकाबीच समन्वय सुदृढ भएको तथा बाल विवाह न्यूनीकरण, बालश्रम नियन्त्रण र विद्यालय छाड्ने दर घटाउन कार्यक्रम प्रभावकारी देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । आर्थिक सशक्तिकरणतर्फ बाख्रा तथा कुखुरापालन सहयोगले परिवारको आम्दानी वृद्धिभई बालबालिकाको शिक्षामा सकारात्मक प्रभाव परेको जनाइएको छ ।

कार्यक्रममा विद्यालयमा शिक्षक अभाव, गणित, अंग्रेजी र विज्ञान विषयमा विद्यार्थीको कमजोरी, ट्युसन कक्षामा स्तर अनुसार विभाजनको आवश्यकता तथा शिक्षक तालिम अभावजस्ता चुनौती औंल्याइएको थियो ।

सीपमूलक तालिम विस्तार, स्थानीय सरकारको सक्रिय सहभागिता र पशुपालनमा हुने क्षति न्यूनीकरणका लागि बीमा व्यवस्था गर्नुपर्ने सुझाव सहभागीले दिएका थिए । हिमराइट्सका केन्द्रीय वित्तीय लेखाअधिकृत विजयकुमार महर्जनको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नं. ५ का अध्यक्ष हरिबहादुर प्रजाको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा गाउँपालिका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक तथा सीमान्तकृत परिवारको उपस्थिति थियो ।

## निजगढ नगरपालिकामा ११ स्थानमा निशुल्क आँखा शिविर

# २० जनाको नि:शुल्क शल्यक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ निजगढ नगरपालिका र निजगढ तिलगंगा सामुदायिक आँखा अस्पताल बीच निजगढ नगरपालिकामा मोतिवन्दुका कारण हुने अन्धोपन पहिचान तथा उपचार कार्यक्रम अनुसार हालसम्म ११ स्थानमा निशुल्क आँखा शिविर आयोजना गरिएको छ ।

नगरपालिकाको विभिन्न स्थानमा वैशाख ११ गतेदेखि संचालित कार्यक्रममा ८ सय २४ जनाको निशुल्क आँखा परीक्षण गरिएको हो । हालसम्म ८४ जनामा मोतिविन्दु भेटिएको छ । मोतिविन्दु भएका बिरामीको निशुल्क शल्यक्रिया गर्ने कार्यक्रमअनुसार हालसम्म २१ जनाको निशुल्क मोतिविन्दुको शल्यक्रिया भइसकेको छ ।

आँखा अस्पताल प्रमुख डा. विष्णुहरि मरहठ्ठाले शिविर मा मोतिविन्दु, जलविन्दु, दृष्टिदोष, आँखाका एलर्जी लगायत बिरामी आँखा जाँच गर्न आएको बताए । मधुमेह तथाउच्च रक्तचाप भएका बिरामीको आँखा थप परीक्षण गर्न अस्पतालमा बोलाइएको डा.मरहठ्ठाले बताए ।

निजगढ नगरापलिका प्रमुख सुरथ पुरीले निजगढबासीले यो महत्वपूर्ण कार्यक्रमको धेरै भन्दा धेरै फाइदा लिन र यो सम्बन्धी सूचना सम्प्रेषण गर्न नगरपालिका बिभिन्न निकायलाई निर्देशन दिए ।

कार्यक्रमअनुसार हालसम्म पचास प्रतिशत स्थानमा निशुल्क आँखा शिविर आयोजना भइसकेको बाँकी स्थानमा पनि कार्यक्रम नियमितरुपमा भइरहेकोले यसलाई सम्पूर्ण नगरवासीको समन्वयमा आँखाका कुनै बिरामी जाँच गर्न नछुट्ने वातावरण बनाउन अस्पताल व्यवस्थापक सुधीर श्रेष्ठले आग्रह गरे ।

# आधारभूत सिलाइ तथा कटाइ तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ आधारभूत सिलाइ तथा कटाइ तालिम सम्पन्न भएको छ । बिहीबार नारी संरक्षण केन्द्रको आयोजनामा तथा हेटौंडा उपमहानगर पालिका-४ नम्बर वडा कार्यालयको समन्वय र फ्रेन्ड्स अफ डब्लुपीसी नेपालको सहयोगमा सञ्चालित तालिम सम्पन्न भएको हो ।

तीन महिनासम्म सञ्चालन गरिएको तालिममा मनहरी गाउँपालिका र कैलाश गाउँपालिका भित्रका ८ जना किशोरीको सहभागिता रहेको थियो । तालिम समापनमा सहभागीलाई दुई समूहमा विभाजन गरी दुईवटा सिलाइ मेसिनसमेत वितरण गरिएको आयोजकले जनाएको छ । हेटौंडा उपमहानगर पालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नारी संरक्षण केन्द्रकी अध्यक्ष दीपा गुरुङको सभाध्यक्षता रहेको थियो ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ मकवानपुरका जिल्ला अध्यक्ष रमिला सापकोटा, मानव अधिकार संगठनकी अध्यक्ष शर्मिला श्रेष्ठ, माइती नेपालकी कार्यक्रम संयोजक माया लामा तथा हिमराइट्स मकवानपुरकी संयोजक कुमारी वाइबाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वक्ताले सिलाइ तथा कटाइ तालिमले किशोरीलाई आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनीहरुले सीपमूलक तालिमले महिलाको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

तालिमका प्रशिक्षक शशी राजथला र दिव्यस्वरी श्रेष्ठले सहभागीलाई आधारभूत सिलाइ तथा कटाइसम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरेका थिए । नारी संरक्षण केन्द्रले विगत १६ वर्षदेखि सिलाइ तालिम सञ्चालन गर्दै आएको जनाएको छ ।

# चित्लाङ बागमती गोल्डकपको फाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, २४ बैशाख/ चित्लाङ एफसी, काठमाडौं मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको छ ।

सहिदस्मृति रंगशालामा बिहीवार भएको दोस्रो सेमिफाइनल खेलमा सिमराको नवजनजागृति क्लबलाई ५-१ गोलले हराउँदै चित्लाङ गोल्डकपको फाइनलमा पुगेको हो । चित्लाङका लागि विदेशी खेलाडी सोलोमन किङले खेलको ४३ औं र ८७ औं मिनेटमा, एरोन थापाले ७८ औं र ८१ औं मिनेटमा गोल गरे भने समीर तामाङले ७९ औं मिनेटमा गोल गरे । जनजागृतिका लागि बिक्रम लामाले ८३ औं मिनेटमा एक गोल फर्काए । चित्लाङका सोलोमन प्लेयर अफ दि म्याच घोषित भए । उनले १० हजार प्राप्त गरे ।

चित्लाङ एपीएफलाई हराउँदै क्वाटरफाइनल प्रवेश गरेको थियो भने क्वाटरफाइनलमा मछिन्द्रलाई हराउँदै सेमिफाइनल प्रवेश गरेको हो । चित्लाङले अब उपाधिका लागि शनिबार सर्लाहीको बागमती युथ क्लबसँग भिड्नेछन् ।

बुधबार भएको पहिलो सेमिफाइनलमा फ्रेन्ड्स क्लबलाई हराउँदै बागमती फाइनल प्रवेश गरि सकेको छ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।


## सहकारी संस्थाहरुको संयुक्त साधारणसभासम्बन्धी

**सूचना । सूचना ।। सूचना ।।।**

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

एकिकरण गरिने सस्था:

☞ श्री सर्बोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८

☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१


साधारण सभा हुने: **मिति** : २०८३/२/२३ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे

*(**नोट:** सँस्था एकीकरण गर्ने सँयुक्त साधारण सभा मिति २०८३/२/२ गते गर्ने भन्ने निर्णय भएकोमा नगर पालिकाको कार्यबिधि अनुसार निर्धारित मितिमा गर्न नमिल्ने भएकोले सो सभा नगरपालिकाको कार्यविधि अनुसार मिति २०८३/२/२३ गते शनिवार पुर्व निर्धारित समय र स्थानमा गर्नको लागि सम्पूर्ण सञ्चालक समिति, लेखासमिति, सल्लाहकार सबैमा निर्णयार्थ प्रस्तावित गर्दछु ।)*



# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



## खोप लगाऔं, रोगबाट बचौं र बचाऔं ।

☞ सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं ।

☞ नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।

☞ गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।

☞ खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।

☞ खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं

☞ नजिकको स्वास्थ्य संस्थामा उपलब्ध नि:शुल्क खोप सेवाबारे जानकारी लिऔं ।

☞ समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।

☞ खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना